नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(वातावरण तथा विपद व्यवस्थापन शाखा)

पत्र संख्या : ०७९/०८०

चलानी नं. : १००

मितिः २०७९/८/१८

श्री स्थानीय तह ( सबै) ।

विषयः विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९ सम्बन्धमा ।

नेपाल सरकार गृह मन्त्रालयको मिति २०७९/०८/०९ को पत्र संख्या ०७९/८० च.नं. ५.१/१०४ को पत्रमा संलग्न विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९ र गृह मन्त्रालयको मिति २०७९/०८/०८ (सचिवस्तर) को निर्णयअनुसार देहायका विषयहरु सबै स्थानीय तहमा पठाउने सम्बन्धमा पत्र प्राप्त भएको हुँदा आवश्यक कार्यार्थ पठाईएको व्यहोरा निर्णयअनुसार अनुरोध छ ।

तपशिलः

१) प्रदेश तथा स्थानीय विपद् व्यवस्थापन कोषको सञ्चालन कार्यविधि बनाई सो कार्यविधि बमोजिम कोषको रकम खर्च गर्ने ।

२) प्रदेश तथा स्थानीय विपद् व्यवस्थापन कोषको रकम खर्च गर्दा विपद् जोखिम न्यूनिकरण र विपद् पूर्वतयारीलाई प्राथमिकता दिई खर्च गर्ने ।

३) प्रदेश तथा स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधिमा विपद् जोखिम न्यूनिकरणमा सत्तरी प्रतिशत र विपद् प्रतिकार्य, खोज, उद्धार तथा राहतमा तीस प्रतिशत खर्च गर्ने स्पष्ट व्यवस्था गर्ने ।

४) प्रचलित अन्य कानुन तथा कार्यविधिमा स्थानीय तहसँगको साझेदारी उल्लेख भएकोमा सोही बमोजिम साझेदारीको कार्यमा कोषको रकम खर्च गर्ने ।

५) राहत कोषबाट हुने खर्च नियन्त्रण र न्यूनीकरण गर्न बीमालाई संस्थागत गरी बीमाको प्रवर्द्धन गर्ने ।

२०७९।८।१८

सन्तोष कुमार खत्री

शाखा अधिकृत

दर्ता नं २१
२०७९/८/११


नेपाल सरकार

# गृह मन्त्रालय

(विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पूनर्लाभ शाखा)

योजना म.

फोन :९७७-०१-४२११२१९
९७७-०१-४२११२००
९७७-०१-४२११२८२
इमेल:bipad@moha.gov.np

सिंहदरवार,
काठमाडौं, नेपाल ।


पत्र संख्या:- ०७९/८०
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- ५.१/१०४

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- १८२३
दर्ता मिति:- ८/११

मिति: २०७९/०८/०९

विषयः <u>विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९ सम्बन्धमा।</u>

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

प्रस्तुत विषयमा कार्यकारी समितिबाट मिति २०७९/०४/२० मा स्वीकृत विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९ यसै साथ संलग्न छ । यस सन्दर्भमा विपद् व्यवस्थापन कोषको सञ्चालन एवं परिचालन सम्बन्धमा देहायका विषयहरूकासाथ सबै स्थानीय तहहरूमा लेखि पठाउन गृह मन्त्रालय (सचिवस्तरको) मिति २०७९/०८/०८ को निर्णयानुसार अनुरोध छ ।

<u>तपसिल:</u>

१. प्रदेश तथा स्थानीय विपद् व्यवस्थापन कोषको सञ्चालन कार्यविधि बनाई सो कार्यविधि बमोजिम कोषको रकम खर्च गर्ने।
२. प्रदेश तथा स्थानीय विपद् व्यवस्थापन कोषको रकम खर्च गर्दा विपद् जोखिम न्यूनीकरण र विपद् पूर्वतयारीलाई प्राथमिकता दिई खर्च गर्ने ।
३. प्रदेश तथा स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधिमा विपद् जोखिम न्यूनीकरणमा सत्तरी प्रतिशत र विपद् प्रतिकार्य, खोज, उद्धार तथा राहतमा तीस प्रतिशत खर्च गर्ने स्पष्ट व्यवस्था गर्ने ।
४. प्रचलित अन्य कानून तथा कार्यविधिमा स्थानीय तहसँगको साझेदारी उल्लेख भएकोमा सोही बमोजिम साझेदारीको कार्यमा कोषको रकम खर्च गर्ने ।
५. राहतमा कोषबाट हुने खर्च नियन्त्रण र न्यूनीकरण गर्न बीमालाई संस्थागत गरी बीमाको प्रवर्द्धन गर्ने।

२०७९/०८/०७

(दीपकप्रसाद न्यौपाने)
शाखा अधिकृत

श्री विपद व्यवस्थापन शाखा
८/११

योजना तथा विकास सहायता समन्वय महाशाखा
दर्ता नं.: २६२
दर्ता मिति: २०७९/०८/११
समय:

# विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९

कार्यकारी समितिबाट स्वीकृत मितिः २०७९।०४।२०

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४८ ले दिएको अधिकार प्रयोग गरी कार्यकारी समितिले यो कार्यविधि बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "अल्पीकरण" भन्नाले विपद्को कारण तत्काल हुनसक्ने वा भैरहेको हानी नोक्सानी वा क्षतिलाई कम गर्न गरिने प्रकोप नियन्त्रण सम्वन्धीकार्य सम्झनुपर्छ।

(ख) "ऐन" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनुपर्छ।

(ग) "कार्यकारी समिति" भन्नाले ऐनको दफा ६ बमोजिमको कार्यकारी समिति सम्झनुपर्छ।

(घ) "जिल्ला विपद् व्यवस्थापन कोष" भन्नाले ऐनको दफा २३ र नियमावलीको नियम ११ मा उल्लिखित कोष सम्झनुपर्छ।

(ङ) "नियमावली" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ सम्झनुपर्छ।

(च) "पूर्वतयारी" भन्नाले सम्भावित विपद् वा अवस्थाको प्रभावकारी प्रतिकार्य तथा व्यवस्थापन गर्न आवश्यक क्षमता विकास गरी त्यसबाट दीगो पुनर्लाभको अवस्थासम्म लैजान गरिने सबै पूर्वतयारीका क्रियाकलापहरु सम्झनुपर्छ।

(छ) "प्रदेश विपद् व्यवस्थापन कोष" भन्नाले ऐनको दफा २३ वमोजिमको कोष सम्झनुपर्छ।

(ज) "प्राधिकरण" भन्नाले ऐनको दफा १० बमोजिमको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनुपर्छ।

(झ) "राहत" भन्नाले ऐनको दफा ३९ बमोजिम नेपाल सरकारबाट स्वीकृत प्रचलित मापदण्डमा उल्लिखित विपद् प्रभावित व्यक्ति वा परिवारलाई उपलव्ध गराइने नगद वा जिन्सी लगायतका सेवा सुविधा सम्झनुपर्छ।

(ञ) "स्थानीय तह" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका सम्झनुपर्छ।

(ट) "स्थानीय विपद् व्यवस्थापन कोष" भन्नाले ऐनको दफा २३ बमोजिम स्थानीय तहमा रहने कोष सम्झनुपर्छ।

नेपाल सरकार गृह मन्त्रालय

अनिल पोखरेल
सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति

गृह मन्त्री

३. <u>कोषमा रकम प्राप्त गर्ने:</u> (१) ऐनको दफा २२ र नियमावलीको नियम १० बमोजिम कोषमा देहाय बमोजिमका रकम जम्मा गर्न सकिनेछ।

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै संघ-संस्था वा व्यक्तिबाट दान, दातव्य वा उपहार स्वरुप प्राप्त रकम,

(ग) विदेशी सरकार, व्यक्ति वा अन्तर्राष्ट्रिय संघ-संस्थाबाट, सहयोग, अनुदान वा ऋण स्वरुप प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नुअघि प्राधिकरणले मन्त्रालयमार्फत् अर्थ मन्त्रालयको पूर्वसहमति लिनुपर्नेछ ।

तर, नेपाल सरकारसँग सहमति भई वा नेपाल सरकारले अन्तर्राष्ट्रिय सहायताका लागिआह्वान गरे बमोजिम विदेशी सरकार, संघ संस्था, मानवीय सहायता समूह वा व्यक्तिबाट रकम प्राप्त गर्न अर्थ मन्त्रालयको पूर्वसहमति लिनुपर्नेछैन ।

(३) उपदफा (२) बमोजिम प्राप्त सहायता रकम तत्कालै कोषको बैङ्क खातामा जम्मा गरी सोको विवरण प्राधिकरणले मन्त्रालय र अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) प्राधिकरणले कोषको रकम सरकारी कारोबार गर्ने अनुमति प्राप्त बैङ्कमा खाता खोली जम्मा गर्नुपर्नेछ। यो खाताको रकम फ्रिज नहुने र निरन्तर चालु रहनेछ।

४. <u>कोषमा रकम जम्मा गर्न सकिने</u>: (१) कोषमा रकम जम्मा गर्दा चेक, ड्राफ्ट वा विद्युतीय माध्यमवाट गर्न सकिनेछ ।

तर,कुनै व्यक्तिले कोषमा जम्मा हुने गरी बढीमा पाँच हजार रुपैयाँसम्म नगदै पनि बुझाउन सक्नेछ । यसरी नगद रकम प्राप्त हुन आएमा सो रकम बुझि लिई सोही दिन वा त्यसको भोलिपल्ट कोषको नाममा रहेको बैङ्क खातामा जम्मा गर्नुपर्नेछ।

(२) उपदफा(१) बमोजिम नगद, चेक, ड्राफ्ट वा विद्युतीय माध्यमबाट जम्मा भएको रकमको प्रमाण राखी कोषको खातामा आम्दानी बाँध्नु पर्नेछ।

(३) यस दफा बमोजिम कोषमा रकम जम्मा गर्ने वा नगद दिने योगदानकर्ता व्यक्ति, संस्था वा निकायलाई अनुसूची १ बमोजिमको भरपाई दिनुपर्नेछ।

५. <u>कोषको रकम खर्च गर्ने:</u> (१) ऐनको दफा ८ बमोजिम कार्यकारी समितिले गर्ने भनी तोकिएका कार्यहरू, दफा ११ र नियमावलीको नियम ५ वमोजिम प्राधिकरणले गर्नेगराउने भनी तोकिएका काम, ऐनको दफा ४६ बमोजिम कार्यकारी समितिबाट अधिकार प्रत्यायोजन भई प्राधिकरणले गर्ने, गराउने भनी तोकिएका देहायका काम गर्दा कोषको रकम खर्च गरिनेछ:

अनिल पोखरेल
सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा ... कार्यकारी समिति

गृह मन्त्री

(क) <u>विपद् जोखिम न्यूनीकरण सम्बन्धी:</u>

१. विष्फोटनको जोखिममा रहेको हिमताल, नदीको बहाव थुनिएर बनेको ताल, खस्न लागेको पहिरो वा चट्टान लगायतका तत्कालै अल्पीकरण नगरे विपद्जन्य घटना हुनसक्ने अवस्थामा रहेको प्राविधिक अध्ययन प्रतिवेदनले औंल्याएको, तर सम्बन्धित विषयगत निकायसँग तत्काल अल्पीकरण गर्ने बजेट विनियोजन नभएको वा विनियोजित बजेटले नपुग्ने अवस्थामा मात्र सम्बन्धित विपद् व्यवस्थापन समितिको सिफारिसमा अल्पीकरण गर्न,

२. कुनै प्रकोप भैरहेको अवस्थामा उक्तप्रकोपबाट हुनसक्ने असरको रोकथाम, प्रकोपवा यसको असर विस्तार हुन नदिनका लागि विषयगत निकायसँग बजेट विनियोजन नभएको वा विनियोजित बजेटले नपुग्ने अवस्थामा मात्र प्रकोपको निगरानी र नियन्त्रण गर्न,

३. कार्यकारी समितिले तोके बमोजिमका विपद् जोखिम न्यूनीकरणसम्बन्धी अन्य कार्यहरू गर्न।

(ख) <u>विपद् पूर्वतयारी सम्बन्धी:</u> तत्काल पूर्वतयारी नगरे जनधनको ठूलो क्षति हुने अवस्था भई सम्बन्धित निकायबाट बजेट विनियोजन नभएको वा विनियोजित बजेटले अपुग हुने अवस्थाको देहायको कार्य:

१. सम्भावित विपद्को बारेमा सर्वसाधारणका लागि तत्काल पूर्वसूचना संप्रेषण गर्न,

२. प्रकोप नियन्त्रण,खोज तथा उद्धारका लागि तत्कालै आवश्यक उद्धार सामग्री खरिद गर्न,

३. विपद् उद्धारमा खट्ने जनशक्ति, स्वयंसेवकको वीमा नगरिएको भए तत्काल दुर्घटना वीमा गर्न,

४. हिमताल, हिमनदी र विष्फोटनको जोखिममा रहेका अन्य प्राकृतिक ताल, पोखरीहरूको निरन्तर अनुगमन प्रणाली तत्काल स्तरोन्नती गर्न,

५. सम्बन्धित विषयगत निकायसँगको समन्वयमा महामारी र अन्य प्रकोपको विपद् जोखिमको तत्काल निगरानी गर्न,

६. तत्काल उपयोग गर्न सकिने गरी राहत सामग्रीको अग्रीम भण्डारणको व्यवस्था गर्न,

७. विपद्को घटना भैरहेको समयमा वा विपदबाट प्रभावितहरूलाई राख्न तत्काल अस्थायी आश्रयस्थलको निर्माण तथा सञ्चालनको लागि आवश्यंक वस्तु तथा सेवा खरीद गर्न,

८. गोदामघर र राहत वितरण केन्द्रको स्थापना गर्न,

९. कार्यकारी समितिले तोके बमोजिमका विपद् पूर्वतयारी सम्बन्धी अन्य कार्यहरू गर्न।

(ग) <u>विपद् प्रतिकार्य र राहत सम्बन्धी:</u>

१. सम्भावित विपद्को जोखिममा रहेकाव्यक्तिको जिउ धनको सुरक्षा गर्न तत्काल गर्नुपर्ने अग्रीम प्रतिकार्य गर्न,

अनिल पोखरेल
सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति

नेपाल सरकार
गृह मन्त्रालय

गृह मन्त्री

२. विपद् प्रभावित क्षेत्र वा समुदायमा विपद्को प्रभावको उपक्रम रोक्न, आपतकालीन एवम् अत्यावश्यक सेवा सञ्चालन गर्न,

३. नेपाल सरकारबाट स्वीकृत प्रचलित मापदण्ड बमोजिम विपद्का घटनाबाट घाइते भएकाको औषधी उपचार गर्न,

४. विपद् प्रभावित क्षेत्रमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायतका जोखिममा रहेका समूहका लागि विशेष व्यवस्था गर्न,

५. सङ्कटग्रस्त क्षेत्रमा विपद्ले सिर्जना गरेका भग्नावशेष हटाउन, शव व्यवस्थापन गर्न,

६. पशुपंक्षी वा अन्य घाइते जीवजन्तुको संरक्षण तथा उपचार गर्न एवम् मृत पशुपंक्षीको व्यवस्थापन गर्न,

७. विपद् प्रतिकार्यको पूर्वतयारी स्वरुप आवश्यक उद्धार तथा राहत सम्बन्धी व्यवस्थापन गर्न,

८. कार्यकारी समितिले तोके बमोजिमका खोज, उद्धार र राहत सम्बन्धी अन्य कार्यहरू गर्न।

तर, विपद् प्रतिकार्य र राहतको लागि तत्काल खर्च गर्नुपर्ने अवस्थामा मन्त्रालयको निर्देशनमा प्राधिकरणले खर्च गरी कार्यकारी समितिबाट अनुमोदन गराउन सक्नेछ।

(घ) <u>विपद्पछिको पुनर्स्थापना र पुनःनिर्माण सम्बन्धी:</u>

१. विपद् प्रभावित परिवार, समुदायको जीविकोपार्जन तथा पुनर्स्थापना र विपद्बाट क्षति भएका संरचनाहरुको पुनःनिर्माणका लागि प्रचलित मापदण्ड बमोजिम सहायता उपलब्ध गराउन,

२. विपद् प्रभावित क्षेत्रमा जोखिम समूहमा रहेका बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायतका जोखिम संवेदनशील व्यक्तिको जीविकोपार्जन, पुनःनिर्माण र पुनर्स्थापनाका लागि प्रचलित मापदण्ड बमोजिम विशेष सहायता उपलब्ध गराउन,

३. विपद्मा परी घरबार विहीन भएका व्यक्तिहरूको लागि सामूहिक अस्थायी आश्रय स्थल निर्माण गर्न,

४. विपद् प्रभावित व्यक्तिको लागि निजी आवास पुनःनिर्माण तथा प्रबलीकरण गर्नका लागि प्रचलित मापदण्ड बमोजिम अनुदान उपलब्ध गराउन,

(२) उपदफा (१) बमोजिमका क्रियाकलापमा कोषको रकम खर्च गर्दा प्राधिकरणले सम्बन्धित विषयगत निकाय र जिल्ला प्रशासन कार्यालयले सम्बन्धित प्रदेश र स्थानीय तहसँग समन्वय र सामञ्जस्यता कायम गर्नुपर्नेछ।

नेपाल सरकार
गृह मन्त्रालय

अनिल पोखरेल
सदस्य-सचिव
जोखिम न्यूनीकरण तथा
कार्यकारी समिति

गृह मन्त्री

(३) महामारी, औद्योगिक तथा रसायन चुहावटका कारण भएको दुर्घटना र विष्फोटनबाट गम्भीर प्रकृतिका विपद् परेको अवस्था क्षतिको मूल्याङ्कनबाट देखिएमा सो विपद् व्यवस्थापन सम्बन्धी कार्य कार्यकारी समितिको निर्णयबाट संङ्घीय सरकारका सम्बन्धित निकायको नेतृत्वमा गरिनेछ ।

६. <u>कोषको रकम माग गर्ने र पठाउने सम्बन्धी प्रक्रिया:</u> (१) विपद्सँग सम्बन्धित दफा ५ बमोजिमका कार्यका लागि कोषबाट रकम माग गर्दा संघीय निकायको हकमा विषयगत मन्त्रालयको लेखा उत्तरदायी अधिकृतको निर्णयबाट अनुसूची २ बमोजिमको ढाँचामा मन्त्रालयमार्फत् प्राधिकरणमा पठाउनु पर्नेछ।

(२) प्रदेश सरकार, जिल्ला प्रशासन कार्यालयर स्थानीय तहले कोषको रकम माग गर्दासम्बन्धित विपद् व्यवस्थापन समितिको निर्णयसहित देहायको विवरण समेत उल्लेख गरी अनुसूची ३ बमोजिमको ढाँचामा प्राधिकरणसँग रकम माग गर्नुपर्नेछ।

(क) स्वीकृत कार्यक्रमको विवरण, आवश्यकता र माग गरिएको रकम,विपद् पूर्व तयारी, जोखिम न्यूनीकरण, पुनःनिर्माण तथा पुनर्स्थापनाको हकमा प्राविधिक प्रतिवेदनसहितको लागत अनुमान,

(ख) कार्यकारी समितिबाट स्वीकृत भईसकेको कार्यक्रममा थप रकम आवश्यक भए त्यसको कारण र माग गरिएको रकम,

(ग) विपद् व्यवस्थापन कार्ययोजनाको सारसंक्षेप, राहत वितरणको अनुमानित रकम,

(घ) प्रदेश र स्थानीय तहको हकमा सम्बन्धित तहको ३० प्रतिशतसम्म लागत सहभागिता रहने सुनिश्चितता,

(ङ) अन्य उपयुक्त जानकारी।

तर, तत्काल जनधनको क्षति हुनसक्ने अति आवश्यक कार्य गर्नु परेमा प्राधिकरणसँग सोझै माग गर्न सकिनेछ एवम् विपद् प्रतिकार्य र राहतका लागि रकम माग गर्दा अत्यावश्यक अवस्था र औचित्य खुलाई माग गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम रकम माग भई आएमा प्राधिकरणले खर्चको आवश्यकता, औचित्यता, आर्थिक एवम् प्राविधिक अध्ययन प्रतिवेदन सहितको लागत अनुमान समेत विश्लेषण गरी स्वीकृतिको लागि मन्त्रालयको सहमतिमा कार्यकारी समिति समक्ष पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश भएको विवरण कार्यकारी समितिलाई उपयुक्त लागेमा स्वीकृत गर्न सक्नेछ र स्वीकृत भए बमोजिमको रकम सम्बन्धित सङ्घीय निकाय, प्रदेश सरकार, जिल्ला प्रशासन कार्यालयलाई प्राधिकरणले कोषबाट निकासा गर्नेछ । स्थानीय तहलाई रकम निकाशा गर्दा सम्बन्धित जिल्ला विपद् व्यवस्थापन कोषमा पठाई जिल्ला प्रशासन कार्यालयले स्थानीय विपद् व्यवस्थापन कोषमा रकम पठाउनेछ। यसरी कोषको रकम निकाशा गरेको जानकारी प्राधिकरणले मन्त्रालयलाई नियमित रुपमा गराउनु पर्नेछ ।

अनिल पोखरेल
सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति

गृह मन्त्री

(५) प्राधिकरणले उपदफा (४) बमोजिम रकम निकासा गर्दा स्वीकृत रकमको पचहत्तर प्रतिशत रकम पहिलो किस्तामा पठाउनेछ र बाँकी रकमका लागि उपदफा ४ बमोजिमका निकायले कार्य सम्पन्न प्रतिवेदनसहित अनुसूची ४ बमोजिमको ढाँचामा प्राधिकरण समक्ष माग गर्नुपर्नेछ।

(६) उपदफा (४) बमोजिम स्वीकृत कार्यहरु गर्दा कार्यकारी समितिको नीतिगत निर्देशन तथा निर्णयको पालना गर्नु सम्बन्धित अधिकारी र निकायको कर्तव्य हुनेछ।

(७) उपदफा (५) बमोजिम माग भई आएमा प्राधिकरणले बाँकी रकम निकासा दिनेछ।

तर, विपद् प्रतिकार्य अन्तर्गत खोज, उद्धार तथा राहतको हकमा कोषबाट एकमुष्ट रकम पठाउनु पर्नेछ।

७. **प्रदेश विपद् व्यवस्थापन कोषमा प्राप्त भएको रकमको परिचालनः** (१) प्राधिकरणबाट प्रदेश विपद् व्यवस्थापन कोषमा प्राप्त हुन आएको रकम खर्च गर्दा प्रदेश सरकारले तोकेको निकायले नेपाल सरकारबाट स्वीकृत प्रचलित मापदण्ड, यस कार्यविधि र प्रदेश कानून बमोजिम गर्नु गराउनुपर्नेछ।

(२) प्रदेश विपद् व्यवस्थापन कोष सञ्चालन गर्ने निकायले प्रदेश विपद् व्यवस्थापन कोषको आम्दानी, खर्च र मौज्दात रकम लगायत कोषको समग्र आयव्यय विवरण उल्लेख गरी प्राधिकरणमा पठाउनुपर्नेछ।

८. **जिल्ला विपद् व्यवस्थापन कोषमा प्राप्त भएको रकम परिचालनः** (१) प्राधिकरणबाट जिल्ला विपद् व्यवस्थापन कोषमा प्राप्त हुन आएको रकम नेपाल सरकारबाट स्वीकृत प्रचलित मापदण्ड बमोजिम एवम् विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्नका लागि कार्यकारी समितिले तोके बमोजिम मात्र खर्च गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमप्राप्त हुन आएको यस दफा बमोजिमको कोषको रकम जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम खर्च गर्नुपर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि विपद् परि तत्कालै खर्च गर्नुपर्ने अवस्था आई जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बस्न सक्ने अवस्था नभएमा सो समितिबाट पछि अनुमोदन गर्ने गरी खर्च गर्न सकिनेछ ।

(४) जिल्ला विपद् व्यवस्थापन कोषको आम्दानी, खर्च तथा मौज्दात रकमको विवरण अनुसूची ५ बमोजिमको ढाँचामा जिल्ला प्रशासन कार्यालयले नियमित रूपमा मन्त्रालयमार्फत् प्राधिकरणमा पठाउनुपर्नेछ। यसरी विवरण पठाउँदा जिल्ला विपद् व्यवस्थापन कोष र स्थानीय विपद् व्यवस्थापन कोषको छुट्टाछुट्टै विवरण समेत उल्लेख गर्नुपर्नेछ।

९. **स्थानीय विपद् व्यवस्थापन कोषमा प्राप्त भएको रकमको परिचालनः** (१) प्राधिकरणबाट स्थानीय विपद् व्यवस्थापन कोषमा प्राप्त हुन आएको रकम खर्च गर्दा नेपाल सरकारबाट स्वीकृत प्रचलित मापदण्ड, यस कार्यविधि र सम्बन्धित स्थानीय तहको कानून बमोजिम गर्नुपर्नेछ।

(२) स्थानीय तहले सम्बन्धितविपद् व्यवस्थापन कोषको समग्र आम्दानी, खर्च र मौज्दात रकमको विवरण जिल्ला विपद् व्यवस्थापन समिति र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिमा पठाउनुपर्नेछ।

नेपाल सरकार
गृह मन्त्रालय

अनिल पोखरेल
सदस्य-सचिव
जोखिम न्यूनीकरण तथा ... कार्यकारी समिति

गृह मन्त्री

१०. <u>विपद् पूर्वतयारी र अग्रीम प्रतिकार्यमा कोषको रकम खर्च गर्ने सम्बन्धी विशेष व्यवस्था:</u>(१) विपद् पूर्वतयारी र अग्रीम प्रतिकार्यमा कोषको रकम दफा ६ बमोजिम प्राधिकरण र तोकिएका निकायबाट खर्च गरिनेछ।

(२) उपदफा (१) बमोजिम रकम खर्च गर्दा देहाय बमोजिम गर्नु गराउनुपर्नेछः-

(क) कार्यकारी समितिबाट स्वीकृत भए बमोजिम प्राधिकरणले कोषको रकमबाट विपद् जोखिम कम गर्न, विद्यमान प्रकोपको अल्पीकरण, पूर्वतयारी वा अग्रीम प्रतिकार्य गर्नुपर्ने भएमा कारण खुलाई प्रस्तावित कामको कार्ययोजना, कार्यान्वयन गरिने विधि, प्रक्रिया र लागत अनुमानसहितको प्राविधिक अध्ययन प्रतिवेदन तयार गरी सम्बन्धित सङ्घीय निकाय वा जिल्ला विपद् व्यवस्थापन समितिमार्फत् गर्ने गराउने,

(ख) ऐनको दफा ३२ बमोजिम नेपाल सरकारले विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको अवधि र क्षेत्रमा जारी गरेको आदेश बमोजिमका काम कारबाही कोषको रकमबाट भएको अवस्थामा कार्यकारी समिति र जिल्ला विपद् व्यवस्थापन कोषको रकमबाट भएको हकमा जिल्ला विपद् व्यवस्थापन समितिबाट खर्च अनुमोदन गर्ने।

(३) विपद् उद्धार तथा अग्रीम विपद् प्रतिकार्यका लागि तत्कालीन परिस्थितिको सामना गर्न सम्बन्धित निकाय मार्फत खर्च गर्ने गराउने गरी मन्त्रालयको सहमतिमा प्राधिकरणले आवश्यक रकम त्यस्ता निकायलाई एकमुष्ट रूपमा अग्रीम उपलब्ध गराउन सक्नेछ।

(४) उपदफा (३)बमोजिम रकमउपलब्ध गराउनु अघि प्राधिकरणले सम्बन्धित निकायसँगको समन्वयमा कामको प्रयोजन र रकम खर्च हुने विषय स्पष्ट गरी कार्यकारी समितिमा प्रस्ताव पेश गर्नेछ ।

(५) उपदफा (४) बमोजिम पेश भएको प्रस्ताव मनासिब भई कार्यकारी समितिबाट रकम उपलब्ध गराउने गरी निर्णय भएमा प्राधिकरणले निर्णय बमोजिमको रकम सम्बन्धित निकायलाई पठाउनेछ।

(६) उपदफा (५) बमोजिम प्राप्त भएको रकमबाट निर्धारित भए बमोजिमको कार्य गरी सोको खर्चको फाँटवारी सम्बन्धित निकायले एक महिनाभित्र प्राधिकरणलाई उपलब्ध गराउनु पर्नेछ र कार्यकारी समितिको निर्णय बमोजिम कार्यान्वयनको अवस्थाको प्रतिवेदन प्राधिकरणले मन्त्रालयलाई गर्नु पर्नेछ।

११. <u>कोष परिचालन गर्दा समन्वय गर्नुपर्ने:</u> कोष परिचालन गर्दा संघीय सरकारका विषयगत निकायहरू, महालेखा नियन्त्रक कार्यालयको हकमा मन्त्रालयमार्फत् तथा प्रदेश सरकार, जिल्लागत कार्यालय तथा स्थानीय तहसँग परस्पर तादात्म्यता मिलाउन प्राधिकरणले आवश्यक कार्यात्मक समन्वय र सहकार्य गर्नेछ।

१२. <u>सङ्कलित रकम स्थानान्तरण सम्बन्धी विशेष व्यवस्था:</u>(१) मुलुकमा विभिन्न समयमा घटेका विपदका घटना पछि विपद् प्रभावितको उद्धार र राहतका लागि व्यक्ति, समूह वा संघ, संस्थाबाट विभिन्न नेपाली नियोग तथा विभिन्न जिल्ला मार्फत सङ्कलन भई निष्कृय अवस्थामा रहेको रकम सम्बन्धित निकायले यो कार्यविधि जारी भएको छ महिनाभित्र प्राधिकरणमा रहेको कोषमा जम्मा हुने गरी स्थानान्तरण गर्नु पर्नेछ।

अनिल पोखरेल
सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति

नेपाल सरकार
गृह मन्त्रालय

गृह मन्त्री

(२) यो कार्यविधि प्रारम्भ भएपछि विपद् व्यवस्थापनका लागि नेपाल सरकारको पूर्व स्वीकृति लिई व्यक्ति, समूह वा संघ, संस्था तथा विदेशस्थित नेपाली नियोग मार्फत सङ्कलन गरिने रकम दश दिनभित्र कोषमा जम्मा हुनेगरी पठाउनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम प्राप्त भएको रकमको विवरण प्राधिकरणले सात कार्यदिनभित्र मन्त्रालय र महालेखानियन्त्रक कार्यालयलाई उपलब्ध गराउनुपर्नेछ।

१३. <u>पुनर्स्थापना र पुन:निर्माण सहायताको आवश्यकता मूल्याङ्कन गर्ने:</u> (१) विपद् प्रभावित व्यक्ति, परिवार वा समुदायको पहिचान तथा विपद्बाट भएको क्षति र प्रभावको मूल्याङ्कन गरी प्राधिकरणले तयार गरेको पुनर्स्थापना र पुन:निर्माणको कार्यक्रम दफा २६ बमोजिमको समितिको सिफारिसमा कार्यकारी समितिमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विपद्बाट भएको क्षति र प्रभावको मूल्याङ्कन गर्दा देहाय बमोजिम गर्नु गराउनु पर्नेछ:-

(क) स्थानीय तहबाट सम्बन्धित विषयमा दक्ष जनशक्तिसहितको कार्यदलबाट।

(ख) खण्ड (क) बमोजिमको जनशक्ति स्थानीय तहमा उपलब्ध हुन नसकेमा सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा प्रदेश सरकारबाट ।

(ग) खण्ड (ख) बमोजिमका निकायमा पनि त्यस्ता जनशक्ति उपलब्ध हुन नसकेमा प्राधिकरणबाट।

(घ) राष्ट्रियस्तरको स्रोत साधन परिचालन गर्नुपर्ने प्रकृतिको विपद्को घटना भएमा कार्यकारी समितिले सम्बन्धित विषयका दक्ष जनशक्तिसहितको कार्यदलबाट वा नेपाल सरकारको निर्णय बमोजिम।

(३) उपदफा (२) बमोजिमको कार्यदलले विपद्को विस्तार, प्रभावको अवस्था, प्रभावित र क्षतिको विवरण सहितको प्रतिवेदन सम्बन्धित तहको विपद् व्यवस्थापन समितिमा पेश गर्नुपर्नेछ। यसरी पेश भएको प्रतिवेदन उपर सम्बन्धित तहको विपद् व्यवस्थापन समितिले आवश्यक निर्णय गर्नेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा उल्लेख भएता पनि विपदबाट मृत्यु भएका तथा घरबास क्षति पुगेका, घाइते व्यक्ति वा परिवारलाई तत्कालै राहत उपलब्ध गराउनुपर्ने अवस्था भए नेपाल सरकारबाट स्वीकृत प्रचलित मापदण्ड बमोजिम गर्नुपर्नेछ।

(५) मानव, पशुपंक्षी, खेतीवाली तथा वनस्पतिको स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने प्रकृतिका विपद्जन्य क्षतिको हकमा उपदफा (२) बमोजिम मूल्याङ्कन गर्न प्रकोपको प्रकृति अनुसारको विषयगत निकायले सम्बन्धित तहको विपद् व्यवस्थापन समिति वा प्राधिकरणसँग समन्वय गरी मूल्याङ्कन गर्नु गराउनु पर्नेछ।

(६) शीतलहर, तातो हावा (लु), सुख्खा, खडेरी, भोकमरी, अतिबृष्टि जस्ता प्रकोपहरूमा प्रभावितको पहिचान गर्दा प्रकोपको सामना गर्ने आर्थिक तथा शारीरिक क्षमता कम भएका व्यक्ति, अति विपन्न परिवार, सीमान्तकृत समुदायलाई विशेष ध्यान दिनुपर्नेछ।

नेपाल सरकार
गृह मन्त्रालय
गृह मन्त्री

अनिल पोखरेल
सदस्य-सचिव
जोखिम न्यूनीकरण तथा
कार्यकारी समिति

१४. <u>पुनर्स्थापना र पुनःनिर्माणमा कोषको रकम खर्च गर्ने सम्बन्धी व्यवस्था:</u> (१) दफा १३ को उपदफा (३) बमोजिम सम्बन्धित तहको विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम प्राधिकरणमा विपद् जोखिम न्यूनीकरण, पुनर्स्थापनार पुनःनिर्माणका लागि रकम माग भई आएमा सो को प्राविधिक अध्ययन प्रतिवेदनसहितको विस्तृत विवरण र लागत अनुमान, औचित्य समेत खुलाई प्राधिकरणले दफा २६ बमोजिमको समितिको सिफारिसमा कार्यकारी समितिमा पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम विपद् जोखिम न्यूनीकरण, पुनर्स्थापना र पुनःनिर्माणका लागि प्राधिकरणबाट पेश भएको बिवरण औचित्यपूर्ण लागेमा कार्यकारी समितिले स्वीकृति दिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम विपद् जोखिम न्यूनीकरण, पुनर्स्थापना र पुनःनिर्माणसम्बन्धी कार्य संघीय निकायबाट गर्नु पर्ने भएमा प्राधिकरणले कार्यकारी समितिको स्वीकृतिमा तत्तत् निकायलाई कोषबाट रकम उपलब्ध गराउनेछ। यसरी कार्यकारी समितिले गरेको निर्णयलाई राष्ट्रिय परिषद्बाट समर्थन गराउनुपर्नेछ।

१५. <u>राहत कार्यमा कोषको रकम खर्च गर्दा ध्यान दिनुपर्ने:</u> (१) कोषबाट राहत रकम वितरण गर्दा समन्यायिक रुपमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहबाट नेपाल सरकारबाट स्वीकृत प्रचलित मापदण्ड बमोजिम एकद्वार प्रणाली मार्फत राहत वितरण गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको मापदण्डमा नपरेका विषय वा क्षेत्रमा राहत वितरण गर्नु पर्दा कार्यकारी समितिले निर्णय गरे बमोजिम हुनेछ।

(३) शीतलहर, तातो हावा (लु), सुख्खा, खडेरी, भोकमरी, अतिबृष्टि, सलह वा फौजी किराको प्रकोप जस्ता मानव, पशुपंक्षी, खेतीवाली तथा वनस्पतिको स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने प्रकृतिका एकैपटक धेरै क्षेत्रमा फैलने र ठूलो समुदायलाई असर पर्ने अवस्थाका विपद् भएमा सामूहिक राहत हुने प्रकृतिको सहयोगको व्यवस्था गर्न सकिनेछ।

(४) गैरसरकारी संघसंस्था, निजी तथा सामुदायिक क्षेत्रलेसम्बन्धित जिल्ला प्रशासन कार्यालयको अनुमति लिई आफ्नै स्रोतबाट राहत वितरण गर्दानेपाल सरकारबाट स्वीकृत प्रचलितमापदण्ड बमोजिम गर्नुपर्नेछ।

१६. <u>विपद् सङ्कटग्रस्त क्षेत्रको लागिकोषको रकम माग गर्न सक्ने:</u> (१) नेपाल सरकारले सिमाना र अवधि तोकी विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको क्षेत्रमाआपतकालीन खोज, उद्धार तथा राहत कार्यका लागि जिल्ला विपद् व्यवस्थापन कोषमा रकम पर्याप्त नभएमाजिल्ला विपद् व्यवस्थापन समितिले प्राधिकरणसँग रकम माग गर्न सक्नेछ।

(२) उपदफा (१)बमोजिम रकम माग भई आएमा प्राधिकरणलेकोषबाट आवश्यक देखिएको रकम पठाउन सक्नेछ ।

(३) विपद् सङ्कटग्रस्त क्षेत्रमा आकस्मिक रूपमा खोज तथा उद्धार गर्न तत्काल आवश्यक पर्ने औजार, उपकरण, प्रविधि र सामग्री, प्रकोपमा परी घाइते भएकाको प्राथमिक उपचार, राहत सामग्री, अस्थायी आश्रयस्थल व्यवस्थापनको यथोचित प्रबन्ध जिल्ला विपद् व्यवस्थापन समितिले गर्नु पर्नेछ।

अनिल पोखरेल
सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति

नेपाल सरकार
गृह मन्त्रालय

गृह मन्त्री

१७. <u>प्राथमिकता तथा उचित ध्यान दिनुपर्ने:</u> (१) यस कार्यविधि कार्यान्वयन गर्दा जोखिममा रहेका समूह, अति विपन्न समुदाय, महिला बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकलाई प्राथमिकता दिनुपर्नेछ।

(२) यस कार्यविधि बमोजिम काम गर्दा लाभग्राहीहरूको संस्कार र रीतिरिवाज तथा क्षेत्रगत विशिष्ठताको सम्मानमा उचित ध्यान दिनुपर्नेछ।

१८. <u>न्यूनतम मौज्दात रकम रहनु पर्ने:</u> (१) ऐन बमोजिमका विभिन्न विपद् सम्बन्धी कोषमा विपद् पश्चातको खोज उद्धार तथा राहत प्रयोजनका लागि देहाय बमोजिम न्यूनतम मौज्दात रकम रहनु पर्नेछ:

(क) कोषमा न्यूनतम पचास करोड रुपैंया।

(ख) जिल्ला विपद् व्यवस्थापन कोषमा तराईका जिल्लाको हकमा पच्चिस लाख, पहाडी जिल्लाको हकमा बिस लाख र हिमाली जिल्लाको हकमा न्यूनतम पन्ध्र लाख रुपैंया।

(ग) प्रदेश विपद् व्यवस्थापन कोषमा प्रदेश सरकारले तोके बमोजिमको रकम।

(घ) स्थानीय विपद् व्यवस्थापन कोषमा सम्बन्धित स्थानीय तहले तोके बमोजिमको रकम।

(२) उपदफा (१) को खण्ड (क) बमोजिम कोषमा मौज्दात रहेको कुल रकममध्ये विपद् प्रतिकार्यका लागि कम्तीमा तीस प्रतिशत रकम न्यूनतम रहने गरी छुट्याई विपद् जोखिम न्यूनीकरण, प्रतिकार्यको पूर्व तयारी, पुन:निर्माण तथा पुनर्स्थापनाका लागि बढीमा सत्तरी प्रतिशत रकम कार्यकारी समितिको स्वीकृतिमा खर्च गर्न सकिनेछ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिमको खोज उद्धार तथा राहत प्रयोजनका लागि राखिएको न्यूनतम मौज्दातभन्दा बढी भएको रकम मात्र दफा ५ को उपदफा (१) को खण्ड (क) (ख) र (घ) मा उल्लेखित कार्यमा खर्च गर्न पाइनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम खर्च भई उपदफा (१) बमोजिमको विपद सम्बन्धी कोषमा न्यूनतम रकम नहुने अवस्था भएमा प्राधिकरणले मन्त्रालय मार्फत अर्थ मन्त्रालयवा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषबाट रकम माग गरी कोषमा न्यूनतम रकम रहने व्यवस्था मिलाउनुपर्नेछ।

१९. <u>कोषको खर्चको अनुगमन:</u> (१) कोषबाट भएको खर्चको अभिलेख प्राधिकरणले राख्नुपर्नेछ।

(२) कोषबाट स्रोत व्यवस्थापन गरी सम्पादन हुने कार्यको भौतिक तथा वित्तीय प्रगतिको अनुगमन मन्त्रालयले गर्नेछ।

(३) जिल्ला विपद् व्यवस्थापन कोषको आम्दानी, खर्च र मौज्दात लगायतका विषयमा प्राधिकरणले अनुगमन गर्न सक्नेछ ।

(४) कार्यकारी समिति, मन्त्रालय वा प्राधिकरणले जुनसुकै समयमा पनि विपद सम्बन्धी कोषको आम्दानी, खर्च तथा मौज्दात सम्बन्धी कागजात हेर्न र स्थलगत अनुगमन गर्न सक्नेछ।

२०. <u>विपद् सम्बन्धी कोषको रकम खर्च गर्न नहुने:</u> (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सबै तहमा रहेका विपद् सम्बन्धी कोषको रकम देहायको प्रयोजनमा खर्च गरिने छैन:

अनिल पोखरेल
सदस्य-सचिव
जोखिम न्यूनीकरण तथा
कार्यकारी समिति

नेपाल सरकार
गृह मन्त्रालय

गृह मन्त्री

(क) कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई वा विपद् व्यवस्थापन समितिका पदाधिकारीलाई पारिश्रमिक उपलब्ध गराउन,

(ख) कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई वा विपद् व्यवस्थापन समितिका पदाधिकारीलाई भ्रमण भत्ता, भ्रमण खर्च वा अन्य अत्यावश्यक खर्च उपलब्ध गराउन,

(ग) विपद् प्रभावितलाई नगद राहत उपलब्ध गराउन बाहेक कसैलाई आर्थिक सहायता, चन्दा, पुरस्कार वा अनुदान उपलब्ध गराउन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विपद्पछि गरिने उद्धारकार्यका लागि लाग्ने यातायात, सञ्चार, भण्डारण, प्याकिङ्ग, ढुवानी लगायत अन्य अत्यावश्यक कार्यका लागि आवश्यक खर्च कार्यकारी समितिले तोके बमोजिमको सीमा र प्रक्रियामा रहेर कोषबाट खर्च गर्न सकिनेछ।

२१. <u>कोषको लेखा र लेखापरीक्षण</u>: (१) कोषको लेखा नेपालसरकारको स्वीकृत लेखा प्रणाली अनुरूप राख्नु पर्नेछ।

(२) विपद् सम्बन्धी कोषको लेखापरीक्षण गराउने जिम्मेवारी कोष सञ्चालन गर्ने सम्बन्धितनिकायको हुनेछ।

(३) कोष र जिल्ला विपद् व्यवस्थापन कोषको आय-व्ययको आन्तरिक लेखापरीक्षण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

२२. <u>वार्षिक प्रतिवेदन तयार गर्ने</u>: (१) प्राधिकरणले अनुसूची ६ बमोजिमको ढाँचामा कोषको वार्षिक आयव्ययको विवरणर प्रदेश, जिल्ला तथा स्थानीय तहमा विपद् व्यवस्थापन कोषको अवस्था र सञ्चालन स्थिति सम्बन्धमा प्रतिवेदन तयार गरी मन्त्रालय र कार्यकारी समितिमा पेश गर्नुपर्नेछ।

(२) कोषको वार्षिक आयव्ययको विवरण महालेखा नियन्त्रकको कार्यालयलाई समेत उपलब्ध गराउनु पर्नेछ।

(३) जिल्ला प्रशासन कार्यालयले जिल्ला विपद् व्यवस्थापन कोषको वार्षिक आयव्ययको आन्तरिक लेखापरीक्षण सहितको प्रतिवेदन आर्थिक वर्ष सकिएको साठी दिन भित्र प्राधिकरणमा पेश गर्नुपर्नेछ।

(४) प्रदेशले अनुसूची ७ र स्थानीय तहले अनुसूची ८ बमोजिमको ढाँचामा प्राधिकरणलाई उपदफा (१) बमोजिमको प्रतिवेदनउपलब्ध गराउनुपर्नेछ।

(५) स्थानीय तहले जिल्ला विपद् व्यवस्थापन समिति र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिलाई उपदफा (१) बमोजिमको प्रतिवेदन उपलब्ध गराउनु पर्नेछ।

२३. <u>कोषमा प्राप्त रकम खर्च गर्ने विशेष व्यवस्था</u>: यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा उल्लेख भएको भएता पनि कोषमा रकम योगदान गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकाय वा संस्थाले सम्झौता अनुसारको रकम उपलब्ध गराउँदा सम्झौतामा तोकेका शर्तहरूको हकमा सोहीबमोजिम खर्च गर्नुपर्नेछ।

२४. <u>विद्युतीय प्रणाली प्रयोगमा ल्याउन सक्ने</u>: प्राधिकरणले कोष सञ्चालन सम्बन्धी आवश्यक विद्युतीय प्रणाली निर्माण गरी प्रयोगमा ल्याउन सक्नेछ।

अनिल पोखरेल
सदस्य-सचिव
जोखिम न्यूनीकरण तथा
कार्यकारी समिति



नेपाल सरकार
गृह मन्त्रालय
गृह मन्त्री

२५. <u>कार्यविधि बमोजिम हुने:</u> कोषको खाता सञ्चालन र कोषमा रकम जम्मा गर्ने प्रक्रिया यस कार्यविधिमा लेखिएको हकमा यसै बमोजिम र यस कार्यविधिमा नलेखिएको हकमा सरकारी कारोबार निर्देशिका, २०७६ बमोजिम हुनेछ।

२६. <u>समन्वय गर्ने:</u> (१) यस कार्यविधि बमोजिम कार्यकारी समितिमा पेश गरिने प्रस्तावहरुको तयारी तथा निर्णय कार्यान्वयनको अवस्थाको अनुगमनका लागि देहाय बमोजिमको समिति रहनेछ ।

| | |
|---|---|
| (क) कार्यकारी प्रमुख, प्राधिकरण | संयोजक |
| (ख) सहसचिव, विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा, मन्त्रालय | सदस्य |
| (ग) सहसचिव, नीति,योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा, मन्त्रालय | सदस्य |
| (घ) सहसचिव, नीति योजना तथा अनुगमन महाशाखा, प्राधिकरण | सदस्य |
| (ङ) सहसचिव, जोखिम न्यूनीकरण तथा कार्यसञ्चालन महाशाखा, प्राधिकरण | सदस्यसचिव |

(२) जिल्ला विपद् व्यवस्थापन समितिले सम्बन्धित प्रदेश र स्थानीय तहसँगको समन्वयमा राहत वितरण गर्नु पर्नेछ।

(३) राहत वितरण गर्न इच्छुक व्यक्ति संघ संस्था वा निकायले जिल्ला विपद् व्यवस्थापन समितिको समन्वयमा एकद्वार प्रणाली मार्फत गर्नु पर्नेछ।

२७. <u>निर्देशन दिन सक्ने:</u> कोषबाट प्रदेश र स्थानीय तहका विपद् सम्बन्धी कोषमा निकासा भएको रकम खर्च गर्ने सम्बन्धमा कार्यकारी समितिले आवश्यक निर्देशन दिन सक्नेछ। सो निर्देशन पालना गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

२८. <u>कार्यविधि लागु गर्न सक्ने:</u> (१) प्रदेश र स्थानीय तहको आफ्नो छुट्टै कार्यविधि नबनेसम्म यस कार्यविधि बमोजिम कोष परिचालन गर्न सकिनेछ।

(२) प्रदेश तथा स्थानीय विपद् व्यवस्थापन कोष परिचालन गर्न यस कार्यविधिलाई नमूनाका रूपमा लिन सकिनेछ।

नेपाल सरकार
गृह मन्त्रालय

गृह मन्त्री

अनिल पोखरेल
सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा
व्यवस्थापन कार्यकारी समिति

अनुसूची-१

(दफा ४ को उपदफा (४) सँग सम्बन्धित)

कोषमा प्राप्त रकमको भर्पाई

[कोष सञ्चालन गर्ने निकाय/कार्यालयको नाम]

............

विद्युतीय कारोबार संकेत नं                                                  रसिद नं

आय बर्ष                                                  मिति

श्री........... ...........बाट देहाय बमोजिम जम्मा रु ........... अक्षरेपी रु........... ...........प्राप्त भयो ।

| क्र सं | प्राप्ति शीर्षक | | वापत प्रयोजन | रकम रु | प्राप्तिको माध्यम (नगद/चेक बैङ्कभौचर/विद्धुतीय कारोबार/अन्य) | चेक वा अन्य वित्तीय उपकरणका हकमा |
|---|---|---|---|---|---|---|
| | संकेत नं | बिवरण | | | | चेक न वा अन्य नं |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | जम्मा रकम (अङ्कमा) | | | | |

बुझाउनेको सही

बुझिलिनेको सही

कर्मचारीको नाम थरः

पदः

कर्मचारी संकेत नं

नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

अनिल पोखरेल
सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति

## अनुसूची-२

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

### संघीय निकायबाट रकम निकासा माग फाराम

| विपद्काप्रकृति | सम्भावित जोखिम | दफा (५) को उपदफा (१) बमोजिम विपद् व्यवस्थापन को क्षेत्र | जोखिमबाट हुन सक्ने क्षतिको अनुमान | | | | प्रस्तावित कार्यक्रम | प्रारम्भिक/ अनुमानित लागत | माग गर्ने निकायले गरेको स्रोत व्यवस्था रकम | | | | कोषसँग माग गरेको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आर्थिक क्षति | मानवीय क्षति | भौतिक क्षति | अन्य | | | विनियोजित बजेट बाट | विपद् कोष को रकम | अन्य स्रोत | जम्मा | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

तयार गर्नेः

दस्तखतः

नामः

पदः

मितिः

पेश गर्नेः

दस्तखतः

नामः

पदः

मितिः

स्वीकृत गर्नेः

दस्तखतः

नामः

पदः

मितिः

अनिल पोखरेल
सदस्य-सचिव
जोखिम न्यूनीकरण तथा
कार्यकारी समिति

नेपाल सरकार

१४
गृह मन्त्री

## अनुसूची-३

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

### प्रदेश सरकार/जिल्ला प्रशासन कार्यालय/स्थानीय तहबाट रकम निकासा माग फाराम

| विपद्को प्रकृति | सम्भावित जोखिम | दफा (५) को उपदफा (१) बमोजिम विपद् व्यवस्थापन को क्षेत्र | जोखिमबाट हुन सक्ने क्षतिको अनुमान | | | | प्रस्तावित कार्यक्रम | प्रारम्भिक / अनुमानित लागत | माग गर्ने निकायले गरेको स्रोत व्यवस्था रकम | | | | कोषसँग माग गरेको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आर्थिक क्षति | मानवीय क्षति | भौतिक क्षति | अन्य | | | विनियोजित बजेटबाट | विपद् कोषको रकम | अन्य स्रोत | जम्मा | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

तयार गर्ने:
दस्तखतः
नामः
पदः
मितिः

पेश गर्ने:
दस्तखतः
नामः
पदः
मितिः

स्वीकृत गर्ने:
दस्तखतः
नामः
पदः
मितिः

अनिल पोखरेल
सदस्य-सचिव

गृह मन्त्री

अनुसूची ४

(दफा ६ को उपदफा (२) को खण्ड (५) सँग सम्बन्धित)

संघीय निकाय/प्रदेश सरकार/स्थानीय तहको नाम

संघीय निकाय/ प्रदेश सरकार/स्थानीय तहबाट रकम निकासा माग फाराम

| विपद्को प्रकृति | सम्भावित जोखिम | दफा (५) को उपदफा (१) बमोजिम विपद् व्यवस्थापन को क्षेत्र | प्रस्तावित कार्यक्रम | स्वीकृत लागत अनुमान | माग गर्ने निकायले गरेको स्रोत व्यवस्था रकम | | | | कोषबाट स्वीकृत गरेको रकम | कोषबाट यस अघि निकासा भएको रकम | हाल निकासा माँग गरेका रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | विनियोजित बजेटबाट | विपद् कोषको रकम | अन्य स्रोत | जम्मा | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

तयार गर्नेः
दस्तखतः
नामः
पदः
मितिः

पेश गर्नेः
दस्तखतः
नामः
पदः
मितिः

स्वीकृत गर्नेः
दस्तखतः
नामः
पदः
मितिः

अनिल पोखरेल
सदस्य-सचिव
जोखिम न्यूनीकरण तथा ... समिति

गृह मन्त्री

## अनुसूची ५

(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

जिल्ला विपद् व्यवस्थापन कोषको बार्षिक प्रतिवेदन

<u>जिल्ला</u>

आर्थिक वर्ष

| क्र.सं. | विवरण | दातृ निकाय | स्रोत | गत बर्षको अ.ल्या. | यस बर्षको आय | जम्मा आय | यस बर्षको खर्च | फिर्ता खर्च | जम्मा खर्च | स्रेस्ता अनुसार बाँकी | बैङ्क खाता अनुसार बाँकी | फरक रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जिल्ला विपद् व्यवस्थापन कोष | | | | | | | | | | | | |
| | विपद् व्यवस्थापन कोष (प्राधिकरण) | | | | | | | | | | | | |
| | प्रदेश विपद् व्यवस्थापन कोष | | | | | | | | | | | | |
| | जिल्ला विपद् व्यवस्थापन कोष | | | | | | | | | | | | |
| | स्थानीय विपद् व्यवस्थापन कोष | | | | | | | | | | | | |
| | अन्तर्राष्ट्रिय सहायता | | | | | | | | | | | | |
| | निजी व्यवसायिक प्रतिष्ठान | | | | | | | | | | | | |
| | सार्वजनिक व्यवसायिक प्रतिष्ठान | | | | | | | | | | | | |
| | अन्य स्रोत | | | | | | | | | | | | |
| | महानगरपालिका | | | | | | | | | | | | |
| | उप महानगरपालिका | | | | | | | | | | | | |
| | नगरपालिका | | | | | | | | | | | | |
| | गाँउपालिका | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | | |

| तयार गर्नेः | पेश गर्नेः | स्वीकृत गर्नेः |
|---|---|---|
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नामः | नामः | नामः |
| पदः | पदः | पदः |
| मितिः | मितिः | मितिः |

अनिल पोखरेल
सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति

नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

अनुसुची ६

(दफा २२ को उपदफा (१) सँगसम्बन्धित)

# राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

विपद् व्यवस्थापन कोषको बार्षिक प्रतिवेदन

आर्थिक वर्ष

| क.सं | विवरण | दातृ निकाय | स्रोत | गत बर्षको अ.ल्या. | यस बर्षको आय | जम्मा आय | यस बर्षको खर्च | फिर्ता खर्च | जम्मा खर्च | स्रेस्ता अनुसार बाँकी | बैङ्क खाता अनुसार बाँकी | फरक रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रधानमन्त्री विपद् व्यवस्थापन कोष | | | | | | | | | | | | |
| | अन्तर्राष्ट्रिय सहायता | | | | | | | | | | | | |
| | निजी व्यवसायिक प्रतिष्ठान | | | | | | | | | | | | |
| | सार्वजनिक व्यवसायिक प्रतिष्ठान | | | | | | | | | | | | |
| | अन्य | | | | | | | | | | | | |
| | प्रदेश विपद् व्यवस्थापन कोष | | | | | | | | | | | | |
| | प्रदेश नं. १ | | | | | | | | | | | | |
| | प्रदेश नं. २ | | | | | | | | | | | | |
| | बाग्मती प्रदेश | | | | | | | | | | | | |
| | गण्डकी प्रदेश | | | | | | | | | | | | |
| | लुम्बिनी प्रदेश | | | | | | | | | | | | |
| | कर्णाली प्रदेश | | | | | | | | | | | | |
| | सुदुर पश्चिम प्रदेश | | | | | | | | | | | | |
| | जिल्ला विपद् व्यवस्थापन कोष-७७ | | | | | | | | | | | | |
| | स्थानीय विपद् व्यवस्थाप्न कोष | | | | | | | | | | | | |
| | महानगरपालिकाहरु | | | | | | | | | | | | |
| | उप महानगरपालिकाहरु | | | | | | | | | | | | |
| | नगरपालिकाहरु | | | | | | | | | | | | |
| | गाउँपालिकाहरु | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | | |

द्रष्टव्य विपद् व्यवस्थापन कोष कायम गरिएका स्थानीय तहहरुको संख्या उल्लेख गर्नु पर्नेछ ।

तयार गर्ने:

दस्तखत:

नाम:

पद:

मिति:

पेश गर्ने:

दस्तखत:

नाम:

पद:

मिति:

स्वीकृत गर्ने:

दस्तखत:

नाम:

पद:

मिति:

अनिल पोखरेल

सदस्य-सचिव

विपद् जोखिम न्यूनीकरण तथा ... कार्यकारी समिति

नेपाल सरकार

गृह मन्त्रालय

गृह मन्त्री

## अनुसुची ७

(दफा २२ को उपदफा (३) सँग सम्बन्धित)

**प्रदेश विपद् व्यवस्थापन कोषको बार्षिक प्रतिवेदन**

(प्रदेशको नाम)

आर्थिक वर्ष

| क.सं. | विवरण | दातृ निकाय | स्रोत | गत बर्षको अ.ल्या. | यस बर्षको आय | जम्मा आय | यस बर्षको खर्च | फिर्ता खर्च | जम्मा खर्च | स्रेस्ता अनुसार बाँकी | बैङ्क खाता अनुसार बाँकी | फरक रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रदेश विपद् व्यवस्थापन कोष | | | | | | | | | | | | |
| | विपद् व्यवस्थापन कोष (प्राधिकरण) | | | | | | | | | | | | |
| | प्रदेश विपद् व्यवस्थापन कोष | | | | | | | | | | | | |
| | अन्तर्राष्ट्रिय सहायता | | | | | | | | | | | | |
| | निजी व्यवसायिक प्रतिष्ठान | | | | | | | | | | | | |
| | सार्वजनिक व्यवसायिक प्रतिष्ठान | | | | | | | | | | | | |
| | अन्य | | | | | | | | | | | | |
| | जिल्ला विपद् व्यवस्थापन कोष | | | | | | | | | | | | |
| | स्थानीय तह विपद् व्यवस्थापन कोष | | | | | | | | | | | | |
| | महानगरपालिका | | | | | | | | | | | | |
| | उपमहानगरपालिका | | | | | | | | | | | | |
| | नगरपालिका | | | | | | | | | | | | |
| | गाउँपालिका | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | | |

द्रष्टव्य विपद् व्यवस्थापन कोष कायम गरिएका स्थानीय तहहरुको संख्या उल्लेख गर्नु पर्नेछ ।

| तयार गर्ने: | पेश गर्ने: | स्वीकृत गर्ने: |
|---|---|---|
| दस्तखत: | दस्तखत: | दस्तखत: |
| नाम: | नाम: | नाम: |
| पद: | पद: | पद: |
| मिति: | मिति: | मिति: |

अनिल पोखरेल
सदस्य-सचिव
विपद जोखिम न्यूनीकरण तथा ... कार्यकारी समिति

नेपाल सरकार
गृह मन्त्रालय

गृह मन्त्री

## अनुसुची ८

(दफा २२ को उपदफा (३) सँगसम्बन्धित)

### स्थानीय तहको विपद् व्यवस्थापन कोषको बार्षिक प्रतिवेदन

(स्थानीय तहको नाम)

आर्थिक बर्ष

| क्र.सं. | विवरण | दातृ निकाय | स्रोत | गत बर्षको अ.ल्या. | यस बर्षको आय | जम्मा आय | यस बर्षको खर्च | फिर्ता खर्च | जम्मा खर्च | स्रेस्ता अनुसार बाँकी | बैङ्क खाता अनुसार बाँकी | फरक रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्थानीय विपद् व्यवस्थापन कोष | | | | | | | | | | | | |
| | विपद् व्यवस्थापन कोष (प्राधिकरण) | | | | | | | | | | | | |
| | प्रदेश विपद् व्यवस्थापन कोष | | | | | | | | | | | | |
| | जिल्ला विपद् व्यवस्थापन कोष | | | | | | | | | | | | |
| | स्थानीय तहको स्रोत | | | | | | | | | | | | |
| | अन्तर्राष्ट्रिय सहायता | | | | | | | | | | | | |
| | निजी व्यवसायिक प्रतिष्ठान | | | | | | | | | | | | |
| | सार्वजनिक व्यवसायिक प्रतिष्ठान | | | | | | | | | | | | |
| | अन्य स्रोत | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | | |

<u>तयार गर्ने:</u>
दस्तखतः
नामः
पदः
मितिः

<u>पेश गर्ने:</u>
दस्तखतः
नामः
पदः
मितिः

<u>स्वीकृत गर्ने:</u>
दस्तखतः
नामः
पदः
मितिः

नेपाल सरकार
गृह मन्त्रालय

गृह मन्त्री

अनिल पोखरेल
सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति